आकाशवाणी समाचार- नेपाली

मितिः २४ जनवरी २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- पश्चिम बंगालका विभिन्न भागहरूमा हालै भएका हिंसाका घटनाहरूप्रति गहिरो चिन्ता व्यक्त गर्दै राज्यपाल सी.भी. आनन्द बोसले हिंसात्मक वातावरणमा निष्पक्ष, स्वतन्त्र र पारदर्शी चुनाव असम्भव रहेको बताउनु भएको छ।

- पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले केन्द्र सरकारलाई नेताजीसँग सम्बन्धित सबै गोप्य फाइलहरू तत्काल सार्वजनिक गर्न माग गर्नु भएको छ।

- पश्चिम बंगालमा उच्च प्रोफाइल वित्तीय अपराधका मुद्दाहरूको जाँचको प्रगतिको समीक्षा गर्न प्रवर्तन निर्देशनालयको विशेष बैठक हिज कोलकातास्थित ईडी कार्यालयमा सुरु भयो।

- अल इंडिया पुलिस हेन्डबल क्लस्टर 2025-26 प्रतियोगिता हिज सिलगढीस्थित एस.एस.बी एफ.टी.आर मुख्यालयमा सम्पन्न भयो।

- रेलिङ च्याम्पियन्स ट्रफी छैटौं संस्कारणको दोस्रो सेमिफाईनल म्याचमा मिराकल एफसी सिङलिङ विजयी बनेर फाइनलमा प्रवेश गरेको छ।

**राज्यपाल सीभी आनन्द**

पश्चिम बंगालका विभिन्न भागहरूमा हालै भएका हिंसाका घटनाहरूप्रति गहिरो चिन्ता व्यक्त गर्दै राज्यपाल सी.भी. आनन्द बोसले हिज स्पष्ट रूपमा भन्नु भएको छ, हिंसात्मक वातावरणमा निष्पक्ष, स्वतन्त्र र पारदर्शी चुनाव असम्भव छ। लोकभवनमा पत्रकारहरूसँग कुरा गर्नु हुँदै भन्नु भयो, चुनावको सहज सञ्चालन सुनिश्चित गर्न बंगाललाई हिंसामुक्त बनाउनु पर्छ। नेताजी सुभाषचन्द्र बोसको जन्मजयन्ती हिज कोलकातास्थित राज्यपाल निवास लोकभवनमा पूर्ण सम्मान र मर्यादाका साथ मनाइयो। लोकभवनको उत्तरी पोर्टिकोलाई नेताजीको नाममा पुन: नामाकरण गरियो। यस अवसरमा राज्यपालले नेताजीको तस्विरमा श्रद्धाञ्जली अर्पण गर्नु भयो। लोकभवनको उत्तरी गेटमा रहेको पोर्टिकोलाई पनि "नेताजी सुभाषचन्द्र बोस पोर्टिको" नामकरण गरियो। राष्ट्रमा नेताजीको योगदानलाई सम्झँदै राज्यपालले स्वतन्त्रता संग्रामको क्रममा सम्पूर्ण राष्ट्रलाई एकताबद्ध गर्न नेताजीको भूमिका ऐतिहासिक र अविस्मरणीय रहेको बताउनु भयो। उहाँले नेताजीका आदर्श र विचारहरूले आज पनि देशवासीहरूलाई प्रेरणा दिइरहेको बताउनु भयो। यसैबीच, प्रवर्तन निर्देशनालय (ईडी) का वरिष्ठ अधिकारीहरूको कोलकाता आगमनको बारेमा सोधिएको प्रश्नको जवाफमा, राज्यपालले भन्नु भयो, यदि ईडीले आफुलाई भेट्न अनुरोध गर्यो भने, आफू त्यसको लागि तयार छन्।

**मुख्यमन्त्री- नेताजी**

नेताजी सुभाष चन्द्र बोसको १२९ औं जन्मजयन्तीको अवसरमा, पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले केन्द्र सरकारलाई नेताजीसँग सम्बन्धित सबै गोप्य फाइलहरू तत्काल सार्वजनिक गर्न माग गर्नु भएको छ। उहाँले भन्नु भयो, यति धेरै वर्ष बितिसक्दा पनि नेताजीको बेपत्ताको रहस्य अझै पनि समाधान हुन सकेको छैन, जुन देशको लागि अत्यन्तै दुर्भाग्यपूर्ण छ। हिज सामाजिक सञ्जालमा जारी गरिएको एक सन्देशमा भन्नु भयो, मुख्यमन्त्रीले भन्नु भयो, १९४५ पछि नेताजीलाई के भयो भन्ने बारेमा

जानकारी अझै पनि रहस्यमय छ। उहाँले आफ्नो सरकारले धेरै पहिले राज्य अभिलेखागारमा राखिएका नेताजीसँग सम्बन्धित सबै फाइलहरू सार्वजनिक गरेको सम्झना गर्नु भयो। मुख्यमन्त्रीले सन्देशमा "नेताजीको बेपत्ताको रहस्य अझै पनि समाधान नहुनु अत्यन्तै दुर्भाग्यपूर्ण रहेको उल्लेख गर्नु भयो।

**बंगाल- ईडी**

पश्चिम बंगालमा उच्च प्रोफाइल वित्तीय अपराधका मुद्दाहरूको जाँचको प्रगतिको समीक्षा गर्न प्रवर्तन निर्देशनालयको विशेष बैठक हिज कोलकातास्थित ईडी कार्यालयमा सुरु भयो। बिहीबार साँझ कोलकाता आइपुगेका ईडी निर्देशक राहुल नवीनको अध्यक्षतामा बैठक सम्पन्न भएको थियो। 6 जनवरी बिहान दुई स्थानमा छापा मार्ने क्रममा मुख्यमन्त्री ममता ब्यानर्जीको वरिष्ठ नोकरशाह र पुलिस अधिकारीहरूसँग इंडियन पॉलिटिकल एक्शन कमिटी (IPAC) कार्यालयमा ईडी को छापा मार्ने क्रममा हस्तक्षेप गरे र धेरै फाइलहरू, हार्ड ड्राइभहरू, ल्यापटपहरू र मोबाइल फोनहरू लगे। पश्चिम बंगाल पुलिसका शीर्ष अधिकारीहरूले यसमा उनलाई सहयोग गरेपछि यसले व्यापक आलोचना निम्त्याएको छ। सर्वोच्च अदालतले परिस्थितिलाई अराजकको रूपमा वर्णन गरेको छ र सुनुवाइ जारी छ। स्रोत अनुसार, बैठकले राज्यसँग सम्बन्धित विभिन्न प्रमुख वित्तीय अपराधका मुद्दाहरूको जाँचको स्थितिको बारेमा विस्तृत रूपमा छलफल गरिरहेको छ। यी मुद्दाहरूमा राज्यद्वारा सञ्चालित विद्यालयहरू र नगरपालिका निकायहरूमा कोइला तस्करी र भर्ती अनियमितताहरू समावेश छन्। कोइला तस्करी मुद्दामा भारतीय राजनीतिक कार्य समितिको कथित भूमिकालाई पनि विशेष रूपमा विचार गरिँदैछ। यस महत्त्वपूर्ण बैठकलाई ध्यानमा राख्दै, साल्ट लेकको सीजीओ कम्प्लेक्समा रहेको ईडी कार्यालयलाई केन्द्रीय सशस्त्र पुलिस बलका कर्मचारीहरूले कडा सुरक्षामा राखेका छन्। जाँच अधिकारीहरूले प्रत्येक मुद्दाको हालको स्थितिको विवरण दिँदै निर्देशकलाई प्रस्तुत गर्न आफ्नो प्रगति प्रतिवेदन तयार गरिसकेका छन्। बैठकको क्रममा, ईडी निर्देशक राहुल नवीनले जाँचको दिशा र भविष्यको कार्यदिशा सम्बन्धी आवश्यक निर्देशनहरू प्रदान गर्ने अपेक्षा गरिएको छ।

**एसआईआर**

पश्चिम बंगालमा मतदाता सूचीको जारी विशेष गहन पुनरीक्षणमा, मुख्य निर्वाचन अधिकारीको कार्यालयले सबै जिल्ला प्रशासनहरूलाई संशोधनको क्रममा कुनै पनि कानून र व्यवस्थामा खलल पुगेमा तत्काल एफआईआर दर्ता गर्न निर्देशन दिएको छ। निर्देशनमा भनिएको छ आवश्यक परेमा, एसआईआर-सम्बन्धित सुनुवाइहरू अनिश्चित कालका लागि स्थगित गर्न सकिन्छ। सर्वोच्च अदालतको जनवरी १९ को आदेशको प्रकाशमा यी निर्देशनहरू जारी गरिएको हो। सबै जिल्ला निर्वाचन अधिकारीहरूलाई लेखिएको पत्रमा, मुख्य निर्वाचन अधिकारीको कार्यालयले चुनाव अधिकारीहरूमाथि तोडफोड, धम्की वा आक्रमणको कुनै पनि घटना तुरुन्तै स्थानीय प्रहरी चौकीमा रिपोर्ट गर्नुपर्ने बताएको छ। यी उजुरीहरूको प्रतिलिपि पुलिस अधीक्षक र जिल्ला निर्वाचन अधिकारीको कार्यालयमा पनि पठाउनुपर्नेछ। पत्रमा भनिएको छ, यदि कुनै क्षेत्रमा हिंसा वा सरकारी सम्पत्तिमा क्षति पुगेको घटना भयो भने, एसआईआर सम्बन्धित सुनुवाइहरू तत्काल रोकिनेछन् र मुख्य निर्वाचन अधिकारीको अनुमति पछि मात्र पुनः सुरु हुनेछन्।

**गौतम देव**

सिलगढीका मेयर गौतम देवले सिलगढीका विधायक शंकर घोषलाई कानुनी सूचना पठाउने धम्की दिनु भएको छ। बिहीबार विधायक शंकर घोष राज्य सरकारले सिलगढीमा विकास परियोजनाहरूमा निरन्तर अवरोध पुऱ्याएको आरोप लगाउँदै अनशन बस्नु भएको थियो। यस अनशनबाट उहाँले मेयर गौतम देव विरुद्ध धेरै गम्भीर आरोप लगाउनु हुँदै, मेयरको आम्दानीको स्रोतमाथि पनि प्रश्न उठाउनु भएको थियो। हिज नेताजी सुभाषचन्द्र बोसको जन्मजयन्ती कार्यक्रमपछि पत्रकारहरूसँग कुरा गर्नु हुँदै मेयर गौतम देवले विधायकको विरुद्धमा जवाफ दिनु भयो। उहाँले व्यंग्य गर्दै भन्नु भयो, "विधायक भएर पनि आफ्नै वार्डमा नगरपालिका चुनावमा तेस्रो स्थानमा आएको व्यक्तिको विरुद्धमा मलाई जे भन्नु छ, म जनताको अगाडि भन्नेछु।"

**अल इण्डिया पुलिस ह्याण्डबल**

अल इंडिया पुलिस हेन्डबल क्लस्टर 2025-26 प्रतियोगिता हिज सिलगढीस्थित एस.एस.बी एफ.टी.आर मुख्यालयमा सम्पन्न भयो। ३० राज्यका पुलिस टिम र केन्द्रीय सशस्त्र बल संगठनका खेलाडीहरूले अन्तिम मार्चपास समारोहमा भाग लिएका

थिए। सिक्किमका राज्यपाल ओम प्रकाश माथुरले प्रमुख अतिथिको रूपमा सलामी ग्रहण गर्नुभयो। आफ्नो सम्बोधनमा एसएसबीका महानिर्देशक संजय सिंघलले भन्नुभयो, "यो कार्यक्रम केवल एउटा प्रतियोगिता मात्र नभएर केन्द्रीय सशस्त्र बल र राज्य पुलिस संगठनहरू बीच राम्रो समन्वयलाई बढावा दिने उद्देश्यले योजना गरिएको हो। यसले राष्ट्रको एकता र अखण्डता, विविधतामा एकता र सेनाहरू बीच अनुशासनलाई सुदृढ बनाउनेछ।" उहाँले धेरै राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडीहरूले कार्यक्रममा भाग लिएको बताउनुभयो थिए।

( BYTE DG)

कार्यक्रमलाई सम्बोधन गर्नुहुदै श्री ओम प्रकाश माथुरले जम्मू कश्मीरदेखि केरला, गुजरातदेखि अरुणाचल प्रदेशसम्मका विभिन्न फोर्सेजका खेलाडीहरूको एकसाथ आउनु, सँगै बस्नु र खेल्नु, विविधतामा एकता, सांस्कृतिक संयोजन र राष्ट्रिय एकता र अखण्डताको अनुपम उदाहरण भएको बताउनुभयो। उहाँले यस्तो कार्यक्रमहरूले निश्चित रूपमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीको वन इंडिया, खेलो इंडिया र फिट इंडिया अभियानहरूलाई बलियो बनाउने बताउनुभयो।

( BYTE Governor)

यस दोस्रो AIPHC को विषयवस्तु " चलो साथ मिलकर खेले" रहेको थियो। पाँच दिवसीय कार्यक्रममा ३० अर्गनाईजेसन केन्द्रीय सशस्त्र बल र विभिन्न राज्यका पुलिस बलका ८० टिमका १ हजार ४०० भन्दा बढी पुरूष अनि महिला खेलाडीहरूले ह्यान्डबल र बास्केटबल प्रतियोगितामा भाग लिएका थिए।

## रेलिङ च्याम्पियन्स ट्रफी

रेलिङ युनाइटेड एसोसिएशनको सफल आयोजनामा सम्पन्न रेलिङ च्याम्पियन्स ट्रफी छैटौं संस्कारणको दोस्रो सेमिफाईनल म्याचमा मिराकल एफसी सिङलिङ विजयी बनेर फाइनलमा प्रवेश गरेको छ। जीटीए पर्यटन विभाग सभासद नोर्देन शेर्पाको अध्यक्षतामा सम्पन्न म्याचका प्रमुख अतिथि जीटीए सभाका सभापति अञ्जुल चौहान लगायत विभिन्न समष्टिका सभासदहरूसंगै गन्यमान्यजनको उपस्थितिमा सम्पन्न भएको थियो। दोस्रो सेमिफाईनल म्याचमा ए. के. गान्तोक बनाम मिराकल एफसी सिङलिङ माझ निर्धारित समयसम्म एक एक गोलको बराबरीमा सकिएको थियो भने टाईब्रेकरमा मिराकल एफसी सिङलिङले ए.के. गान्तोकलाई पराजित गर्दै फाइनलमा स्थान सुरक्षित गरेको हो। मिराकल एफसीका गोलरक्षक विल्सन शेर्पालाई प्लेयर अफ द म्याच चयन गरियो।

***** ० ****